"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

पत्र संख्या :२०८२।०८३
चलानी नं.:

मिति : २०८३।०२।२५

ने.सं. ११४६ अनालागा अष्टमी

विषय :– रकम भुक्तानीको जानकारी सम्बन्धमा ।

श्री सरोकारवाला सबै,

चिङ्गाड गाउँपालिका, सुर्खेत ।

प्रस्तुत विषयमा आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तीमा एक साता अगावैं भुक्तानी दिई भुक्तानी/निकासा बन्द गरि हिसाव मिलान गरि सो को प्रतिवेदन तालुक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । सो सम्बन्धमा स्थानीय तहमा SuTRA प्रणाली बाट आर्थिक कारोबार हुने गरेकोमा गत आर्थिक बर्ष असार २४ गते राती १२:०० बजे SuTRA प्रणालीमा खर्च लेखाङ्कन कारोबार रोक्का भई आर्थिक कारोबार बन्द भएको ब्यहोरा सबैमा अवगत नै होला, तसर्थ सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको प्राप्त निर्देशन अनुसार चालु आर्थिक वर्ष को आर्थिक कारोबार २०८३।०३।२४ गते राती १२:०० बजे देखि स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली SuTRA बन्द हुने भएकाले यस गाउँपालिकाका चालु खर्च तर्फका योजना तथा कार्यक्रमहरुको असार १५ गते सम्म र पूँजीगत खर्च तर्फका योजना तथा कार्यक्रमहरुको असार २० गते भित्र कार्य सम्पन्न गरि सम्पुर्ण कागजातहरु प्रमाणित गरी अनिवार्य रुपमा आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिन हुंन अनुरोध छ । साथै तोकिएको समयमा आवश्यक सम्पुर्ण कागजात आर्थिक प्रशासन शाखामा पेश हुन नसकी भुक्तानी हुन नसकेमा सो को जिम्मेवारी सम्वन्धित विषयगत शाखा/कर्मचारी/निर्माण ब्यवसायि/उपभोक्ता समिति लगाएत सम्वन्धित सरोकारवाला सेवाग्राही स्वयं नै हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

अवगतार्थः
श्री गाउँपालिका अध्यक्ष ज्यू
श्री गाउँपालिका उपाध्यक्ष ज्यू
श्री चिङ्गाड गाउँपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेत

.........................
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner